# मानननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७८ पौष २६ गते बसेको लुम्बिनी प्रदेश कोरोना संकट व्यवस्थापन केन्द्रको १५औं बैठकका निर्णयहरु

प्रदेश सरकार लुम्बिनी प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मुकाम बुटवल, नेपाल

१. अन्तर्राष्ट्रिय परिवेश र छिमेकी मुलुक भारतमा समेत कोभिड-१९ तीब्र रुपमा फैलिरहेको सन्दर्भलाई दृष्टिगत गर्दै कोरोना संकट व्यवस्थापन केन्द्रको विगतका बैठकबाट भएका निर्णय बमोजिम सोको रोकथाम, नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन निकायगत जिम्मेवारीको रुपमा एकीकृत रुपमा कार्यान्वयन गर्ने गरी जनचेतना अभिबृद्धि, औषधी तथा औषधीजन्य सामाग्रीहरु तथा खोप व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाउने र सोको समन्वय स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले गर्ने ।

२. माघी तथा माघे सङ्क्रान्ति लगायतका पर्वहरू आ-आफ्नो स्थानका टोल, गाउँमा रही भिडभाड नहुने गरी मनाउने व्यवस्था गर्ने ।

३. सार्वजनिक स्थलहरुमा बढी भिडभाड हुने गरी मेला तथा महोत्सवहरु आयोजना नगर्ने/नगराउने । नित्य पूजापाठ, माघस्नान लगायत धार्मिक कार्यमा पनि सोही बमोजिम भीडभाड हुन नदिने व्यवस्था मिलाउने ।

४. सार्वजनिक यातायातका सवारी साधनहरूमा अनिवार्य मास्क, स्यानिटाइजरको व्यवस्था लगायत स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गराउने गरी आफ्नो जिल्लाभित्र सम्बन्धित DCCMC ले सवारी साधनका सवारी धनी, चालक, सहचालक, संघ संस्था र यात्रुहरूलाई सचेतना अभिवृध्दि गराई अनुगमनको व्यवस्था गर्ने ।

५. बढ्दो सङ्क्रमणका समयमा सार्वजनिक सेवा प्रवाहलाई सम्भव भए जति Online र Virtual माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाउने र भौतिक रुपले सेवा प्रवाह गर्ने सम्बन्धमा स्वास्थ्य सुरक्षाका मापदण्ड (सामाजिक दूरी, मास्क र स्यानिटाइजर)को पालना गरी गराई सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

६. खोप लगाउन बाँकी तोकिएका उमेर समूहका नागरिकलाई खोप लगाउन प्रोत्साहित गर्दै स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले तत्काल खोप अभियान सबै सरोकारवालाहरूको सहयोगमा सञ्चालन गरी पूर्ण खोपयुक्त प्रदेश बनाउने ।

७. प्रदेश प्रवेश विन्दुमा एन्टिजेन परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउने र त्यस्तो परीक्षणबाट Positive देखिएकाहरुलाई तत्काल संस्थागत आईसोलेसन (होल्डिङ्ग सेन्टर, होटल आदि) मा राख्न र सम्बन्धित व्यक्तिको स्थायी ठेगाना भएको स्थानीय तहसम्म पुर्‍याउन आवश्यक व्यवस्था मिलाउन सम्बन्धित DCCMC ले समन्वय गर्ने ।

८. प्रदेश भित्रका सार्वजनिक स्थानहरुमा एन्टिजेन टेस्ट बुथहरु स्थापना गर्ने र नियमित खोप केन्द्रहरुमा खोपलाई अभियानकै रुपमा अगाडि बढाउने व्यवस्था स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले मिलाउने ।

मुख्यमन्त्री

मुख्यमन्त्री

९. स्वास्थ्य जनशक्तिलाई तयारी अवस्थामा राखी आवश्यक परेको खण्डमा तत्काल परिचालन गर्ने गरी व्यवस्था मिलाउने ।

१०. समाजमा ओमिक्रोन लगायतका भेरियन्टको प्रभाव र ध्यान दिनुपर्ने विषयमा स्वास्थ्य क्षेत्रका विभिन्न कार्यालयहरु मार्फत नागरिक स्तरमा सकारात्मक सूचना जानकारी उपलब्ध गराउने कार्यमा स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय र आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले थप पहल गर्ने ।

११. संक्रमितको अवस्थाका आधारमा होम आइसोलेसन वा अस्पतालमा राख्नुपर्ने पूर्व निर्णय बमोजिम नै लक्षण नदेखिएका वा साधारण लक्षण देखिएका बिरामीका हकमा होम आइसोलेसनलाई प्राथमिकता दिने र नजिकका स्वास्थ्य निकायबाट दैनिक स्वास्थ्य अवस्थाको जानकारी अद्यावधिक गरी प्रतिवेदन गर्ने । साथै जटिल बिरामीलाई तोकिएका कोभिड-१९ अस्पतालमा उपचारको व्यवस्था मिलाउने ।

१२. कोभिड-१९ नियन्त्रण तथा उपचार कोषमा तत्कालका लागि रु. २० करोड आर्थिक मामिला तथा सहकारी मन्त्रालयले उपलब्ध गराउने ।

१३. कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण, उपचार र व्यवस्थापनका सम्बन्धमा जिल्लागत अनुगमन गर्न देहाय बमोजिम अनुगमन समिति गठन गर्नेः-

| क्र.सं. | नाम | कार्यालय | अनुगमन गर्ने जिल्ला |
|---|---|---|---|
| | | मानननीय मन्त्रीज्यूहरू | |
| १ | मा. डिल्लीबहादुर चौधरी | पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय | दाङ |
| २ | मा. कृष्णध्वज खड्का | आर्थिक मामिला तथा सहकारी मन्त्रालय | प्युठान |
| ३ | मा. सहसराम यादव | भौतिक पूर्वाधार विकास मन्त्रालय | कपिलवस्तु |
| ४ | मा. वीरबहादुर राना | उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालय | गुल्मी |
| ५ | मा. सुरेन्द्र बहादुर हमाल | वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय | बाँके |
| ६ | मा. अजय शाही | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | नवलपरासी |
| ७ | मा. रमा घर्ती | कानुन, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | अर्घाखाँची |
| ८ | मा. बसीउद्दीन खाँ | शिक्षा, विज्ञान, युंवा तथा खेलकुद मन्त्रालय | रुपन्देही |
| ९ | मा. पुर्मती ढेंगा | श्रम, रोजगार तथा यातायात मन्त्रालय | पाल्पा |
| १० | मा. सुमन शर्मा रायमाझी | कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय | बर्दिया |
| | | माननीय राज्यमन्त्रीज्यूहरू | |
| ११ | मा. विमला कुमारी खत्री | स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय | रुकुम पूर्व |
| १२ | मा. सुष्मा यादव | आर्थिक मामिला तथा सहकारी मन्त्रालय | कपिलवस्तु |
| १३ | मा. रिना नेपाल वि.क. | पर्यटन, ग्रामीण तथा शहरी विकास मन्त्रालय | रोल्पा |

मुख्यमन्त्री

मुख्यमन्त्री

१४. स्वास्थ्य सुरक्षाका मापदण्डको परिपालनाको व्यवस्था मिलाई विकास निर्माणका कार्यलाई निर्बाध रुपमा सुचारु गर्ने व्यवस्था मिलाउने ।

१५. अक्सिजन प्लान्टबाट अक्सिजन उत्पादन गर्न प्लान्ट सञ्चालनका लागि आवश्यक विद्युत प्रणाली तत्काल जडान गर्ने व्यवस्था मिलाउन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने ।

१६. संघीय सरकारबाट प्राप्त गर्नुपर्ने बजेट रकमबाट कोभिड-१९ संक्रामक रोग नियन्त्रण, रोकथाम र उपचारको कार्यमा भएको खर्च रकम हालसम्म पनि प्राप्त हुन नसकेको सम्बन्धमा स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ, काठमाडौंसँग यथाशीघ्र माग गर्ने ।

१७. प्रदेशमा कोभिड-१९ बाट संक्रमितको संख्या, अवस्था स्पष्ट देखिने गरी स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालय र आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले नियमित तथ्यांङ्क संकलन गरी सार्वजनिक गर्ने र सो को जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमितरुपमा उपलब्ध गराउने ।

१८. कोभिड-१९ महामारीबाट प्रदेशबासीको जीवन रक्षा गर्ने विषय वर्तमान सरकारको उच्च प्राथमिकतामा रहेको हुँदा संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि औषधी, स्वास्थ्य उपकरण, अक्सिजन, भेन्टीलेटर, जनशक्ति व्यवस्थापन लगायतको चुस्त दुरुस्त व्यवस्थापन स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले मिलाउने र सम्बद्ध सबै निकाय एवम् सरोकारवालाहरुले सहयोग गर्ने ।

१९. लुम्बिनी प्रदेश सरकार कोभिड-१९ नियन्त्रण, रोकथाम तथा उपचार कोषमा आर्थिक एवम् भौतिक सहयोग गर्न उद्योगी, व्यवसायी, विभिन्न पेशाकर्मी, समाजसेवी, सामाजिक संघसंस्था लगायत आम नागरिकमा हार्दिक अपिल गर्ने ।

मुख्यमन्त्री